# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग वेलायतका वैदेशिक तथा कमनवेल्थ, एशिया प्रशान्त क्षेत्रीय राज्यमन्त्री Mark Field द्वारा भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग वेलायतका वैदेशिक तथा कमनवेल्थ, एशिया प्रशान्त क्षेत्रीय राज्यमन्त्री Mark Field ले वैशाख २३ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्नुभयो ।



भेटवार्ताका अवसरमा मन्त्री Field ले द्विपक्षीय व्यापार अभिवृद्धि तथा नेपालमा वेलायती लगानी प्रवर्द्धन गर्ने सम्बन्धमा बेलायत सरकार नेपाललाई आवश्यक सहयोग गर्न तयार रहेको बताउनुभयो । यसका लागि दोहोरो कर व्यवस्था लगायत बैदेशिक लगानी भित्र्याउने सम्बन्धमा रहेका विभिन्न अवरोधहरुलाई सुधारका लागि आग्रह गर्नुभयो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले वेलायत सरकारले नेपाललाई विभिन्न क्षेत्रमा गरेको सहयोगको लागि धन्यवाद व्यक्त गर्दै हालै मात्र DFID को सहयोगमा नेपाल राष्ट्र बैंकको डिजास्टर रिकभरी साइट तयार भएको बताउनुभयो । उक्त अवसरमा उहाँले नेपालमा हाल राजनैतिक स्थिरता रहेको र आर्थिक सम्बृद्धितर्फ मुलुक अगाडि बढ्ने क्रममा रहेकाले वैदेशिक लगानी महत्वपूर्ण रहेको बताउनुहुँदै यसका लागि आवश्यक नीतिगत सुधार समेत गरिएको उल्लेख गर्नुभयो । साथै, वैदेशिक लगानीलाई थप आकर्षित गर्न आवश्यक सुधारहरु गर्दै जाने बताउनुभयो ।

उक्त भेटवार्तामा मन्त्री Field का साथ नेपालका लागि वेलायतका राजदूत Richard Morris लगायतको उपस्थिति रहेको थियो ।

२०७५ वैशाख २३, आइतबार

गभर्नरको कार्यालय